# कम्पेक्स छात्रवृत्तिदेखि स्टार्टअप सह-संस्थापकसम्म: दीपेश कार्कीको यात्रा

भारतको अग्रणी पियर-टु-पियर लेन्डिङ प्लेटफर्महरूमध्ये एक लेनदेन क्लबका सह-संस्थापक दीपेश कार्कीले नेपालस्थित भारतीय राजदूतावाससँग आफ्ना अनुभवहरू साटासाट गर्नुभयो । वहाँले कम्पेक्स छात्रवृत्ति र भारतमा सँगालेका आफ्ना अनुभवहरूले वहाँको उद्यमशीलता यात्रालाई कसरी आकार दिन मद्दत गर्‍यो भन्ने कुरालाई स्मरण गर्नुभयो । अन्तर्वार्ताका केही मुख्य अंशहरू तल प्रस्तुत गरिएका छन्:

























पूरा अन्तर्वार्ता यहाँ हेर्नुहोस्

# द्विपक्षीय आदानप्रदानहरू



## कोशी तथा गण्डक परियोजनाहरू सम्बन्धी भारत-नेपाल संयुक्त समितिको ११ औं बैठक

कोशी र गण्डक परियोजनाहरू सम्बन्धी भारत-नेपाल संयुक्त समितिको ११ औं बैठक मिति २०८३ वैशाख १७-१८ गतेसम्म काठमाडौंमा सम्पन्न भयो । भारतीय प्रतिनिधिमण्डलको नेतृत्व बिहारको जलस्रोत विभागका प्रधान सचिव श्री सन्तोष कुमार मल्लले गर्नुभएको थियो भने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व नेपाल सरकार सिँचाइ विभागका महानिर्देशक श्री मित्र बरालले गर्नुभएको थियो । बैठकले कोशी तथा गण्डक परियोजनाहरूमा भारत-नेपाल सहकार्यको विस्तृत समीक्षा गर्नुका साथै बाढी नियन्त्रण र सिँचाइसहित थप सहकार्यका लागि आगामी मार्गचित्र तयार गर्‍यो ।

थप पढ्नुहोस्



## नेपालका ८ जिल्लाहरूमा १४ वटा विद्यालय निर्माणका लागि ठेक्का सम्झौता

शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले मिति २०८३ जेठ १३ गते नेपालका ८ जिल्लाहरूमा १४ वटा विद्यालयहरूको निर्माणका लागि सम्झौता पत्रहरूमा हस्ताक्षर गर्‍यो । यी विद्यालयहरू नेपालमा भारत सरकारको भूकम्पपछिको पुनर्निर्माण सहायताकै हिस्साको रूपमा नेरू. ५६.०२ करोड अनुदान सहयोगमा निर्माण हुनेछन् । यी विद्यालयहरू नेपाल सरकारको भूकम्प प्रतिरोधी पुनर्निर्माण सम्बन्धी मापदण्ड बमोजिम निर्माण गरिनेछन् ।

थप पढ्नुहोस्



## बहुराष्ट्रिय छिमेकी सैन्य फिल्ड ट्रेनिङ अभ्यास 'एक्स प्रगति' को पहिलो संस्करण

नेपाली सेनाको ३८ सदस्यीय टोलीले भारतीय सेनाद्वारा मिति २०८३ जेठ ४-१७ गतेसम्म उमरोईस्थित एफटीएनमा सञ्चालन गरिएको बहुराष्ट्रिय छिमेकी सैन्य फिल्ड प्रशिक्षण अभ्यास 'एक्स प्रगति' को पहिलो संस्करणमा भाग लियो । उक्त अभ्यासमा एघारवटा विदेशी मित्रराष्ट्रहरूको सहभागिता रहेको थियो । नेपाली सेनाका बलाधिकृत रथी प्रदीप जंग केसीको नेतृत्वमा रहेको तीन सदस्यीय पर्यवेक्षक प्रतिनिधिमण्डलले मिति २०८३ जेठ १४-१७ गतेसम्म उमरोईमा सञ्चालित उक्त अभ्यासको भ्यालीडेसन फेज र क्लोजिङ्ग सेरेमोनीमा सहभागिता जनाएको थियो ।

थप पढ्नुहोस्

# विकास साझेदारी



## लुम्बिनी प्रदेशको कपिलवस्तुमा पत्थरदेईया स्वास्थ्य चौकी निर्माणको शिलान्यास

नेपालको लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लाको विजयनगर गाउँपालिका-३ मा पत्थरदेईया स्वास्थ्य चौकी निर्माणको शिलान्यास मिति २०८३ वैशाख २४ गते भारत र नेपालका प्रतिनिधिहरूद्वारा संयुक्त रूपमा गरियो । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत सरकारको आर्थिक सहयोग करिब नेरू. १.७५ करोड लागतमा निर्माण हुँदैछ ।

थप पढ्नुहोस्



## सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा सिद्धनाथ माध्यमिक विद्यालयको भवन निर्माणको शिलान्यास

नेपालको सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लाको धनगढी उप-महानगरपालिका-१२ मा रहेको सिद्धनाथ माध्यमिक विद्यालयको भवन निर्माणको शिलान्यास मिति २०८३ वैशाख २८ गते भारत र नेपालका प्रतिनिधिहरूद्वारा गरियो । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत सरकारको आर्थिक सहयोग करिब नेरू. ३.६ करोड लागतमा निर्माण हुँदैछ ।

थप पढ्नुहोस्



## सुदूरपश्चिम प्रदेशको अछाम जिल्लामा श्री बासुकी माध्यमिक विद्यालयको भवन निर्माणको शिलान्यास

नेपालको सुदूरपश्चिम प्रदेशको अछाम जिल्लाको मेल्लेख गाउँपालिका-४ मा रहेको श्री बासुकी माध्यमिक विद्यालयको भवन निर्माणको शिलान्यास मिति २०८३ वैशाख २९ गते भारत र नेपालका प्रतिनिधिहरूद्वारा संयुक्त रूपमा गरियो । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत सरकारको आर्थिक सहयोग करिब नेरू. ३.८ करोड लागतमा निर्माण हुँदैछ ।

थप पढ्नुहोस्



## गण्डकी प्रदेशको मनाङ जिल्लामा अस्पताल भवन निर्माणको शिलान्यास

नेपालको गण्डकी प्रदेशको मनाङ जिल्लाको नार्सों गाउँपालिका वडा नम्बर ५ मा अस्पताल भवन निर्माणको शिलान्यास मिति २०८३ जेठ १४ गते भारत र नेपालका प्रतिनिधिहरूद्वारा संयुक्त रूपमा गरियो । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत सरकारको आर्थिक सहयोग करिब नेरू. ५.६ करोड लागतमा निर्माण हुँदैछ ।

थप पढ्नुहोस्

# द्विपक्षीय आदानप्रदानहरू




## लमजुङमा साँस्कृतिक साँझ

भारतीय राजदूतावासले मिति २०८३ वैशाख १९ गते लमजुङमा एक जीवन्त साँस्कृतिक साँझको आयोजना गऱ्यो । कार्यक्रमको मुख्य आकर्षणमा श्री दीप्ति गुप्ताको नेतृत्वमा रहेको भारतीय साँस्कृतिक सम्बन्ध परिषद्को टोलीद्वारा प्रस्तुत गरिएको मनमोहक कथक नृत्य थियो । उक्त कार्यक्रममा मध्यनेपाल नगरपालिकाका माननीय मेयर र लमजुङका सर्वसाधारणको सहभागिता रहेको थियो ।

थप पढ्नुहोस्




## अपरेशन सिन्दूरको पहिलो वार्षिकोत्सवको सम्झना

भारतीय राजदूतावासले मिति २०८२ वैशाख ९ गते भारतको जम्मू र कश्मीरको पहलगाममा भएको आतंकवादी हमला जसमा एक नेपाली नागरिक सुदीप न्यौपाने सहित २६ जना सर्वसाधारणको हत्या भएको थियो त्यसको प्रतिक्रियास्वरूप भारतले सुरु गरेको अपरेशन सिन्दूरको एक वर्ष पुरा भएको सम्झनामा एक भेलाको आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा नेपालका माननीय परराष्ट्रमन्त्रीको सन्देश पढेर सुनाइएको थियो जसमा भारतीय जनताप्रति ऐक्यबद्धता व्यक्त गरिएको थियो, बर्बर आतंकवादी हमलाको स्पष्ट रूपमा निन्दा गरिएको थियो, र आतंकवादको अन्धकारको सामना गर्न र यसलाई निर्मूल पार्न भारत र नेपालको सामूहिक संकल्पलाई दृढताका साथ दोहोऱ्याइएको थियो ।

थप पढ्नुहोस्



### पशुपतिनाथ मन्दिर परिसरमा अन्तर्राष्ट्रिय योग दिवसको कर्टेन रेजर कार्यक्रम

भारतीय राजदूतावासले पशुपति क्षेत्र विकास कोषसँगको साझेदारीमा मिति २०८३ जेठ १ गते युनेस्को विश्व सम्पदा स्थल पशुपतिनाथ मन्दिर परिसरमा एक योग सत्रको आयोजना गर्‍यो । उक्त कार्यक्रममा योगमा अभिरूचि राख्नेहरूको उत्साहजनक उपस्थिति रहेको थियो र यसले योगका माध्यमबाट सुस्वास्थ्य र एकताको भावनालाई प्रतिविम्बित गरेको थियो ।

थप पढ्नुहोस्

## आर्थिक तथा व्यावसायिक साझेदारी



### IN-SPAN भेटघाट

भारतीय राजदूतावासले भारतीय प्रौद्योगिकी संस्थान मद्रास प्रवर्तकमा IN–SPAN को पहिलो कोहर्टका साथै IN–SPAN को दोस्रो कोहर्टका लागि छनोट भएका स्टार्टअपहरूका लागि इन्डिया-नेपाल स्टार्टअप पार्टनरशिप नेटवर्क भेटघाट कार्यक्रम आयोजना गर्‍यो । दोस्रो कोहर्टको प्रशिक्षण मिति २०८३ जेठ १८ गतेदेखि सुरू भयो ।

थप पढ्नुहोस्

## भारतमा भएका विकासहरू




### मिसन दृष्टिको सफल प्रक्षेपण

बेंगलुरूस्थित स्पेस स्टार्टअप ग्यालेक्सआईद्वारा भारतकै सबैभन्दा ठूलो निजी क्षेत्रबाट निर्मित पृथ्वी अवलोकन स्याटेलाइट मिसन, मिसन दृष्टिको सफलतापूर्वक प्रक्षेपण गरियो । स्पेसएक्सको फाल्कन ९ रकेटमार्फत लो अर्थ अर्बिटमा स्थापित गरिएको १९० केजीको यस स्याटेलाइटमा विश्वकै पहिलो व्यावसायिक "अप्टोसार" प्रविधि जडान गरिएको छ ।

थप पढ्नुहोस्



## मल्टिपल इन्डिपेन्डेन्टली टार्गेटेड रि-ईन्ट्री भेहिकल क्षमतायुक्त उन्नत अग्नि क्षेप्यास्त्रको सफल परीक्षण

भारतले ओडिसामा रहेको डा. एपीजे अब्दुल कलाम टापुबाट मल्टिपल इन्डिपेन्डेन्टली टार्गेटेड रि-ईन्ट्री भेहिकल क्षमतायुक्त अत्याधुनिक अग्नि क्षेप्यास्त्रको सफलतापूर्वक उडान परीक्षण गर्‍यो । यस क्षेप्यास्त्रले हिन्द महासागर क्षेत्रका विभिन्न लक्ष्यहरूमा बहुसंख्यक पेलोडहरू सटिक रूपमा प्रहार गर्‍यो जसले भारतको विश्वसनीय रणनीतिक प्रतिरक्षा क्षमता र स्वदेशी प्राविधिक कौशललाई जोड दिएको छ ।

थप पढ्नुहोस्




## सन् २०२६ को यु-२३ एसियाली च्याम्पियनसिपमा भारतीय कुस्ती टोलीको ऐतिहासिक प्रदर्शन

भियतनामको दा नाङमा सम्पन्न सन् २०२६ को यु-२३ एसियाली च्याम्पियनसिपमा भारतको पुरूष फ्रीस्टाइल र महिला कुस्ती टोलीले टिम उपाधि जितेका छन् । पुरुष फ्रीस्टाइल कुस्ती टोलीले ४ स्वर्णसहित ९ पदक सुरक्षित गर्दै यु-२३ एसियाली च्याम्पियनसिपको इतिहासमै भारतको अहिलेसम्मकै सबैभन्दा बढी कुल पदक संख्याको कीर्तिमान बनाएको छ । त्यस्तै, महिला कुस्ती टोलीले ६ स्वर्णसहित १० पदक जितेको छ । ग्रीको-रोमन टोलीले पनि ८ पदक जित्दै आफ्नो इतिहासकै सबैभन्दा बढी कुल पदक संख्याको रेकर्ड कायम गरेको छ ।

थप पढ्नुहोस्



## सन् २०२६ को पहिलो त्रैमासिकमा भारतको सौर्य खुल्ला पहुँच क्षमतामा १६०% को वृद्धि

भारतले सन् २०२६ को पहिलो त्रैमासिकमा २.७ गिगावाट सौर्य खुल्ला पहुँच क्षमता थपेको छ जुन सन् २०२५ को पहिलो त्रैमासिकमा १ गिगावाटबाट वार्षिक रूपमा १६० प्रतिशतले वृद्धि भएको छ । मर्कम इन्डियाको पछिल्लो प्रतिवेदन अनुसार, सहयोगी राज्य नीतिहरू, द्रुत स्वीकृति र बलियो बजार पहुँचले क्षमता विस्तारमा मद्दत पुर्‍याएका छन् जसले गर्दा यो इतिहासकै दोस्रो उच्च त्रैमासिक जडानको रूपमा रेकर्ड हुन सफल भएको छ ।

थप पढ्नुहोस्

Follow us:

INDIA PERSPECTIVES